# पोखरा विश्वविद्यालय
# स्कूल अफ डिभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्गको
# छात्रवृत्ति सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७०।०३।०९)

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्कूल अफ डिभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्गमा एम.पि.जि.डि. कार्यक्रममा निःशुल्क छात्रवृत्तिको लागि खुला प्रतियोगिताबाट ६ जना उम्मेदवार छनौट गर्नुपर्ने भएकोले दरखास्त आव्हान गरिएको छ। प्राप्त हुने सिट संख्यामध्ये ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडितका लागि सुरक्षित गरिएको छ। महिलाहरुको लागि खुला र आरक्षण दुवै प्रकारको छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ।

**१. छात्रवृत्तिको प्रकारः-**

क) खुला छात्रवृत्ति ख) लेखनाथ छात्रवृत्ति ग) दलित छात्रवृत्ति घ) जनजाति छात्रवृत्ति ङ) दुर्गम छात्रवृत्ति च) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति छ) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम: Master of Population, Gender and Development (MPGD)**

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ।

(ख) MPGD कार्यक्रमका लागि कुनै पनि विषय लिई सो विषयमा दोश्रो श्रेणी वा CGPA 2.0 प्राप्त गरि स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ।

(ग) सार्वजनिक विद्यालयमा अध्ययन गरी एस. एल. सी. पास गरेको हुनुपर्नेछ।

(घ) स्नातक तह उत्तिर्ण भएको मितिले २ वर्ष भन्दा बढी अवधि नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन्।

(ङ) दुर्गम क्षेत्र आरक्षण सिटको लागि दरखास्त दिने उम्मेदवारहरुले नेपाल सरकारले दुर्गम भनी उल्लेख गरेको जिल्ला र गाउँ विकास समितिमा जन्मी सार्वजनिक विद्यालयमा अध्ययन गरी प्रवेशीका परीक्षा उत्तिर्ण गरेको हुनुपर्नेछ।

(च) दलित आरक्षण सिटको लागि दलित जातिको हकमा उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समितिले दलितवर्गमा राखेका समुदायबाट र जनजातिका लागि आदीवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूचीमा उल्लेखित जातीहरु हुनु पर्दछ।

(छ) लेखनाथ छात्रवृत्ति लेखनाथ नगरपालिका क्षेत्र भित्रका नागरिकलाई मात्र दिइनेछ।

(ज) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ।

४. **उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः** (१) सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा, प्रमाणपत्र तह वा दश जोड दुई परीक्षा र स्नातक तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ग) स्थानान्तरण प्रमाणपत्र (Migration Certificate)।

(२) माथि उल्लेखित कागजात अतिरिक्त लेखनाथ छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरुले लेखनाथ नगरपालिकाको बासिन्दा भएको लेखनाथ नगरपालिको, दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, जनजाति छात्रवृत्तिको लागि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, दुर्गम छात्रवृत्तिको लागि सम्बन्धित गाँउ विकास समितिको, अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहिद परिवारका छोराछोरीको हकमा नेपाल सरकार, गृहमन्त्रालयको सिफारिस पेश गर्नुपर्ने छ। छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि तोकिए अनुसार सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस पेश गर्नु पर्नेछ।

५. दरखास्त फाराम पाउने र बुझाउने स्थानः **स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग,** मानविकी तथा सामाजिकशास्त्र संकाय, **लेखनाथ-१२, खुदी, ढुङ्गेपाटन, कास्की,** (दरखास्त फाराम www.pu.edu.np बाट पनि Download गर्न सकिने छ।

**६. परीक्षा दस्तुरः ४००** (चार सय मात्र)

**७. दरखास्त दिने अन्तिम मितिः २०७०।०३।२८**

**८. परीक्षा हुने मितिः २०६९।०३।३१**

**९. परीक्षाको किसिमः** लिखित वस्तुगत (आवेदन दिनेहरुले क) अंग्रेजी - ४० अङ्क (ख) क्वान्टीटेटिभ् एबिलिटी -२५ अङ्क (ग) लजीकल रिजनिङ्ग - २५ अङ्क र (घ) जनरल अवेरनेस - ६० अङ्क गरी कुल १५० पुर्णाङ्कको परीक्षा दिनु पर्नेछ।)

**१०.लिखित परीक्षाको समय : बिहान ११:०० बजे देखि दिउसो २:०० बजे सम्म** (तीन घण्टा)।

११. परीक्षा केन्द्रः पो.वि. स्कूल अफ डिभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग एकेडेमिक भवन, खुदी, ढुङ्गेपाटन, लेखनाथ।

**सम्पर्कको लागि**

पोखरा विश्वविद्यालय

स्कूल अफ डिभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग

लेखनाथ-१२, खुदी, ढुङ्गेपाटन, कास्की।

फोनः ०६१- ५६१६९९

**स-शुल्क भर्नाका लागि पनि केहि सिट बाँकी रहेकोले योग्य उम्मेदवारले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।**